# मोरङ जिल्ला अदालत

विराटनगर

प्रशासन शाखा

फोन नं.: ०२१-५११२३९, ५१२६४२

nG@supremecourt.gov.np

Website(Central):www.supremecourt.gov.np

मितिः २०७८/११/२३

## सुचना ! सुचना ! सुचना !

विषयः- लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा।

नेपाल कानुन व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्वन्धी नियमावली, २०५१ को नियम ३ बमोजिम योग्यता पुगी १८ बर्ष नाघेका इच्छुक नेपाली नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

### देहाय

१. नियमावलीको अनुसुची-१ को ढाँचामा यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुपर्ने छ,
२. दरखास्तसाथ तीन प्रति पासपोर्ट साइजको हालसालै खिचिएको फोटो, न्युनतम एस.एल.सी. वा सो सरह उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा नागरिकताको प्रतिलिपि पेश गर्नुपर्ने छ,
३. रु.१००/- को नगद तिरेको रसिद बुझाउनुपर्ने छ,
४. स्वीकृत दरखास्त मध्ये उम्मेद्वार छनौट गर्न लिखित परीक्षा सञ्चालन गरिने छ,
५. लिखित परीक्षाको मिति, समय र स्थान तथा स्वीकृत नामावलीका लागि मिति २०७८/१२/११ गते सुचना प्रकाशित गरिने छ।
६. लिखित परीक्षामा समावेश गरिने विषयहरुः
   - ✓ राजिनामा, अंशबण्डा, बकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत,
   - ✓ अदालतमा प्रयोग हुने तारेख थाम्ने, साक्षी हाजिर गराउने, वारेसनामा लगायत लिखत निवेदनहरु,
   - ✓ अर्धन्यायिक निकाय, स्थानीय तहको न्यायिक समितिमा दर्ता गरिने सामान्य निवेदनहरु,
   - ✓ तमसुक, भरपाई बैनापत्र, जस्ता सामान्य घरायसी कागजहरु,
   - ✓ लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
   - ✓ लेखापढी व्यवसायी आचार संहिता, २०६४

टिकेन्द्रवीर जङ्ग राणा
श्रेस्तेदार(उप-सचिव)